apandainik.com
सिरहाको पहिलो 'क' वर्गको दैनिक पत्रिका
जि.प्र.का द.नं. ९०/०७१/०७२
जि.हु.का. द.नं. ७३/०८०/०८१

# अपन दैनिक

Apan Dainik National Newspaper
राष्ट्रिय दैनिक समाचारपत्र

**सूचना**

विजयादशमी, शुभ दीपावली तथा छठ पर्वको पावन अवसरमा आफ्नो फोटोसहितको शुभकामना विज्ञापन पत्रिकामा प्रकाशन गर्न इच्छुक महानुभाव, जनप्रतिनिधि, संघ-संस्था, राजनीतिक दल, व्यवसायी तथा सम्पूर्ण शुभेच्छुकहरूलाई समयमै सम्पर्क गर्न हार्दिक अनुरोध गरिन्छ।
आफ्नो शुभकामना सन्देश तथा फोटोसहितको विज्ञापन प्रकाशन गराउनका लागि आजै सम्पर्क गर्नुहोला।

**सम्पर्क नम्बर**
०३३-५२१२१४, ९८५४०२१७३९, ९८५२८२१२१४

● वर्षः १२ ● अंकः २७१ ● पृष्ठः ४ ● ३० असोज २०८३ शुक्रबार (16 October 2026. Friday) मधेश प्रदेश, सिरहा संस्करण ApanDainik मुल्यः रु.५/

## मिथिलाको सांस्कृतिक पहिचान झिझिया नाच

**अपन दैनिक संवाददाता**
**सिरहा, असोज २९ गते**




मिथिलाको धार्मिक आस्था, लोक विश्वास र सांस्कृतिक मौलिकताको प्रतीकको रूपमा परिचित झिझिया नाच दशैंको आगमनसँगै मिथिलाञ्चलका गाउँ बस्तीमा देखिन थाल्छ। टाउकोमा प्वाल पारिएको माटोको घैंटो राखेर त्यसमा दीप प्रज्वलन गर्दै सामूहिक रूपमा नाचिने यो परम्परा मिथिलाको विशिष्ट लोकसंस्कृतिका रूपमा स्थापित छ। विशेष गरी मधेश प्रदेशका जिल्लाहरूमा यसको विशेष महत्त्व रहेको छ।

झिझिया नाच मनोरञ्जनको माध्यम मात्र नभई देवी दुर्गाप्रतिको श्रद्धा, बालबालिका तथा परिवारको सुरक्षा र समाजको सुख-शान्तिको कामनासँग जोडिएको धार्मिक तथा सांस्कृतिक परम्परा हो। नेपाल र भारतको मिथिला क्षेत्रमा प्रचलित यस नाचले मैथिली भाषा, लोकगीत र पुस्तौंदेखि हस्तान्तरण हुँदै आएको सांस्कृतिक सम्पदालाई जीवन्त राख्न महत्त्वपूर्ण भूमिका खेल्दै आएको छ।

झिझिया नाचको प्रारम्भ बारे फरक फरक कथाहरू भए तापनि स्पष्ट ऐतिहासिक अभिलेख भने उपलब्ध छैन। यद्यपि, स्थानीय जनश्रुति, लोककथा र धार्मिक मान्यताका आधारमा यसलाई मिथिलाको पुरानो लोक परम्पराका रूपमा लिने गरिन्छ।

विशेष गरी शारदीय नवरात्रका बेला देवी भगवतीको आराधना गर्दै दुष्ट शक्ति तथा अनिष्टबाट परिवार र समाजलाई जोगाउने कामनासहित यो नाच प्रदर्शन गर्ने परम्परा रहेको छ। सिरहा नगरपालिका-११ भलुवाहीमा आयोजित झिझिया महोत्सवमा

बाँकी पृष्ठ ३ ▶▶

## सप्तरी बदगामाको पासवान टोलमा भएको आगलागीमा १३ घर जलेर नष्ट



**अपन दैनिक संवाददाता**
**सप्तरी, असोज २९ गते**

सप्तरीको कञ्चनरुप नगरपालिका-१० बदगामास्थित पासवान टोलका राजकुमारले घरायसी खर्चका लागि भनेर बुधबार दिउँसो ४० हजार रुपैयाँ ऋण लिएका थिए। तर बुधबार राति भएको आगलागीबाट ऋण लिएको नगदसहित घरमा रहेका सम्पूर्ण

बाँकी पृष्ठ ४ ▶▶

## आफताव आलमका छोरा फिरदोस कांग्रेस सहमहामन्त्रीमा निर्वाचित

**अपन दैनिक संवाददाता**
**काठमाडौं, असोज २९ गते**



नेपाली कांग्रेसका पुराना नेता अफताव आलमका छोरा मो. फिरदोस आलम सहमहामन्त्रीमा निर्वाचित भएका छन्।

उनी कांग्रेसको १५ औं महाधिवेशनमा मधेशी क्लस्टरबाट सहमहामन्त्री निर्वाचित भएका हुन्। कांग्रेसको आधिकारिक फेसबुकमार्फत पार्टीले

बाँकी पृष्ठ २ ▶▶

## चाडपर्वमा जनकपुरधामको सुरक्षाव्यवस्था कडा

**अपन दैनिक संवाददाता**
**जनकपुरधाम, असोज २९ गते**



दसैं, तिहार र छठ पर्वलाई लक्षित गर्दै धनुषा प्रहरीले जनकपुरधामसहित जिल्लाका सहरी तथा ग्रामीण क्षेत्रमा सुरक्षा निगरानी बढाएको छ। चाडपर्वका बेला हुन सक्ने चोरी, लुटपाट, लागुऔषध कारोबार तथा अन्य आपराधिक गतिविधि रोक्न प्रहरीले ठूलो संख्यामा सुरक्षाकर्मी परिचालन गरेको हो।

सुरक्षा व्यवस्थालाई प्रभावकारी बनाउन जिल्ला प्रहरी कार्यालय धनुषाका प्रमुख प्रहरी उपरीक्षक (एसपी) रुपेश खड्का आफैं सडकमा खटिएर सवारीसाधन जाँच गरिरहेका

बाँकी पृष्ठ ४ ▶▶

## कर्मचारी कटौतीको मारः मधेश प्रदेशमा अधिकृत तहको विज्ञापन रोकियो

**अपन दैनिक संवाददाता**
**सिरहा, असोज २९ गते**


**प्रदेश लोक सेवा आयोग**
मधेश प्रदेश, जनकपुरधाम।

**प्रदेश निजामती सेवातर्फका अधिकृत सातौं/आठौं तह (अप्राविधिक/प्राविधिक) पदको विज्ञापन सम्बन्धमा।**

सूचना नं. १७१/२०८३-८४ मिति : २०८३।०६।२९ गते बिहीबार

यस आयोगको आ.व. २०८३/८४ को स्वीकृत वार्षिक कार्यतालिका अनुसार असोज महिनाको अन्तिम बिहीबार मिति २०८३/०६/२९ गते प्रदेश निजामती सेवाका अधिकृत सातौं/आठौं तह (अप्राविधिक/प्राविधिक) पदको विज्ञापन सूचना प्रकाशन गर्न तोकिएकोमा प्रदेश निजामती सेवा ऐन, २०७७ को दफा १० को उपदफा (३) बमोजिम मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट रिक्त पदपूर्तिका लागि वार्षिक कार्यतालिका बमोजिम निर्धारित समयमा यस आयोगमा माग पठाउनुपर्ने व्यवस्था भएकोमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, जनकपुरधामको च.नं. १२३० मिति २०८३/०६/२३ गते "श्रीमान् प्रमुख सचिवज्यूको संयोजकत्वमा मिति २०८३/०४/११ मा बसेको सचिव बैठकबाट भएको यसैसाथ संलग्न निर्णयको निर्णय नं. ४ ("बजेट वक्तव्यको बुँदा नं. १०९ मा उल्लेख भए अनुसार कर्मचारी दरबन्दी कम्तीमा १५ प्रतिशत कटौती गर्ने उल्लेख भएकोले सबै निकायले यथाशिघ्र सङ्गठन तथा व्यवस्थापन (O & M) सर्वेक्षण कार्य सुरु गर्ने। साथै, उक्त बुँदामा नै O & M नहुन्जेल नयाँ कर्मचारीको पदपूर्ति र बढुवा रोक्का गरिएको उल्लेख भएकाले कुनै पनि निकायले यस सम्बन्धी प्रक्रिया अगाडि नबढाउने। O & M गर्न पूर्व सहमति प्राप्त मन्त्रालयले प्रस्तावित सङ्गठन संरचना तथा दरबन्दी तेरिज तयार गर्दा आर्थिक वर्ष २०८३/८४ को बजेट वक्तव्य, नेपाल सरकारले जारी गरेको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण सम्बन्धी राष्ट्रिय मापदण्ड, २०८२ को पूर्ण पालना गर्ने। साथै, संस्थागत आवश्यकता, कार्यबोझ, औचित्य, सेवा प्रवाहको प्रभावकारिता, वित्तीय दायित्व तथा दिगो व्यवस्थापन समेतको विश्लेषण सहित प्रतिवेदन तयार गरी निर्णयका लागि पन्ध्र (१५) दिनभित्र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेश गर्ने व्यवस्था मिलाउने") अनुसार मधेश प्रदेश सरकार अन्तर्गतका निकायहरूको सङ्गठन तथा व्यवस्थापन (O & M) सम्बन्धी कार्य सम्पन्न भई नसकेकोले तहाँबाट माग भए बमोजिमको माग आकृति पठाउन नसकिएको" भन्ने व्यहोरा सहितको पत्र प्राप्त भएकोले प्रदेश निजामती सेवाका अधिकृत सातौं/आठौं तह (अप्राविधिक/प्राविधिक) पदको उल्लिखित विज्ञापन हुननसकेको व्यहोरा यस आयोगको मिति २०८३/०६/२८ गतेको निर्णयानुसार सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।


मधेश प्रदेश लोक सेवा आयोगले प्रदेश निजामती सेवातर्फका अधिकृत सातौं र आठौं तहको विज्ञापन रोकेको छ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले रिक्त पदपूर्तिका लागि माग नपठाएपछि आयोगले विज्ञापन प्रकाशन गर्न नसकेको हो।

आयोगको वार्षिक कार्यतालिका अनुसार असोज महिनाको अन्तिम विहीबार अर्थात् असोज २९ गते अप्राविधिक र प्राविधिकतर्फका अधिकृत पदको विज्ञापन खुल्नुपर्ने थियो। प्रदेश निजामती सेवा ऐन, २०७७ को व्यवस्थाअनुसार मुख्यमन्त्री कार्यालयले निर्धारित समयमै रिक्त पदको विवरण आयोगलाई पठाउनुपर्छ। तर कार्यालयले सङ्गठन तथा व्यवस्थापन (ओएण्डएम) सर्वेक्षणको कारण देखाउँदै तत्काल कर्मचारीको माग पठाउन नसकिने जानकारी आयोगलाई गरायो।

बाँकी पृष्ठ २ ▶▶









प्रकाशक/सम्पादक : शुभ नारायण कामती
: ९८५४०२१७३९
: ९८०१३२१७३९
डेस्क ब्यूरो : रुन्केश कामती
विज्ञापनका लागि सम्पर्क : ९८५२८२१२१४ (रुन्केश)
कानुनी सल्लाहकार : विरेन्द्र कुमार सिंह (अधिवक्ता)
कार्यालय : सिरहा नगरपालिका ७, सिरहा
सम्पर्क : ०३३-५२१२१४
ईमेल : news@apandainik.com
ads@apandainik.com
apandainik@gmail.com
apan.dainik14@gmail.com(Add.)
फेसबुक पेज : www.facebook/ApanDainik
वेबसाइड : www.apandainik.com
मुद्रक : अम्बिका अफसेट प्रेस लहान
**प्रकाशित सामग्रीबारे कुनै गुनासो, सूचना तथा सुझाव भए हामीलाई जनकारी गराउनुहोला वा ईमेलमा पठाउनु होला ।**

# सम्पादकीय...

## खुट्टीखोला सिंचाई आयोजनाको छानबिन गर

सिरहा जिल्ला कृषिको पकेट क्षेत्रको रुपमा रहेको छ। त्यसैले कृषि उपजलाई उन्नत बनाउन सिंचाई अपरिहार्य छ। त्यही भएर खुट्टीखोला सिँचाइ आयोजनाको सुरुवात पाँच वर्ष अघि गरियो । करोडौं रुपैयाँ खर्च गरेर निर्माण गरिएको आयोजना सञ्चालनमा आउन सकेको छैन् । यो सामान्य प्राविधिक समस्या मात्र होइन । यो सार्वजनिक लगानीको प्रभावकारिता, सरकारी निकायको जवाफदेहिता र विकास निर्माणमा अपनाइने कार्यशैलीमाथिको गम्भीर प्रश्न हो । जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालयले २०७७ साल मंसिरमा मल्टिटेक निर्माण कम्पनीसँग आठ करोड ५६ लाख ७२ हजार ४४२ रुपैयाँमा खुट्टी खोलामा हेडवर्क्स निर्माण गर्ने सम्झौता गरेको थियो । उक्त निर्माण कम्पनीलाई आठ करोड ६८ लाख ९३ हजार ९६२ रुपैयाँ भुक्तानी भइसकेको छ । मड्यान, गडमे, बानो र सर्रे खोलाको जलाधार क्षेत्रबाट पानी ल्याई मुख्य नहरमार्फत खेतमा सिँचाइ सुविधा पुऱ्याउने लक्ष्य राखिएको यस आयोजनाबाट ९६४ हेक्टर क्षेत्रफलमा सिँचाइ हुने र करिब ३५ हजार नागरिक लाभान्वित हुने अपेक्षा गरिएको थियो । तर, निर्माण सम्पन्न भएको भनिए पनि आयोजना प्रभावकारी रूपमा सञ्चालनमा आउन सकेको छैन् । जसका कारणले किसानले अपेक्षित लाभ लिन पाएका छैनन् ।

सिँचाइ सुविधा विस्तार गरी कृषि उत्पादन बढाउने र किसानको जीवनस्तर सुधार गर्ने उद्देश्यले गरिएको लगानीले नै अपेक्षित परिणाम दिन नसक्नुले आयोजनाको योजना, डिजाइन, लागत अनुमान, निर्माणको गुणस्तर र कार्यान्वयन प्रक्रियामाथि प्रश्न उठाएको छ। आयोजना किन सञ्चालनमा आउन सकेन ? पानीको स्रोतको पर्याप्त अध्ययन गरिएको थियो कि थिएन ? खोलाबाट पानी ल्याउने संरचना र नहरको डिजाइन व्यावहारिक थियो कि थिएन ? निर्माणका क्रममा प्राविधिक मापदण्ड पालना गरियो कि गरिएन ? यी प्रश्नको वस्तुनिष्ठ उत्तर खोजिनुपर्छ। महालेखा परीक्षकको कार्यालयले आफ्नो वार्षिक प्रतिवेदन, २०८१ मा आयोजनाको डिजाइन तथा निर्माणसम्बन्धी विषयमा गम्भीर प्रश्न उठाएको थियो । महालेखापरीक्षणबाटै प्रश्न उठिसकेको अवस्थामा सम्बन्धित निकायले त्यसलाई गम्भीरतापूर्वक लिनुपर्छ । प्रतिवेदनमा औंल्याइएका कमजोरीको प्राविधिक परीक्षण गरी आयोजना असफल हुनुका वास्तविक कारण पहिचान गर्नुपर्छ। डिजाइनमै त्रुटि थियो, लागत अनुमान अव्यावहारिक थियो वा निर्माणका क्रममा लापरबाही भयो भन्ने विषय प्रमाणका आधारमा स्पष्ट पारिनुपर्छ।

विकास आयोजनामा ढिलाइ हुनु र निर्माण सम्पन्न भएर पनि सञ्चालनमा नआउनु फरक विषय हुन् । निर्माण सम्पन्न भएपछि त्यसबाट जनताले सेवा पाउनु नै आयोजनाको वास्तविक सफलता हो । जबसम्म किसानका खेतमा पानी पुग्दैन, तबसम्म आयोजनाको मूल उद्देश्य पूरा भएको मान्न सकिँदैन् । कागजमा सिँचाइ हुने क्षेत्रफल र लाभान्वित हुने जनसंख्या उल्लेख गरेर मात्रै विकास देखिदैन् । सरकार र सम्बन्धित निकायले खुट्टीखोला सिँचाइ आयोजनाको निष्पक्ष, पारदर्शी र समयबद्ध छानबिन गरी त्यसको प्रतिवेदन सार्वजनिक गर्नुपर्छ । दोषीलाई कारबाही गर्ने र आयोजना सञ्चालनमा ल्याउने दुवै कामलाई समान प्राथमिकता दिनुपर्छ। करोडौं रुपैयाँ खर्च गरेर पनि खेतमा पानी पुऱ्याउन नसक्ने अवस्था अन्त्य गर्न नसकिए विकास बजेट खर्च गर्ने औचित्यमाथि नै प्रश्न उठिरहनेछ । गलत डिजाइन र स्टिमेट तयार गर्ने, प्राविधिक कमजोरीलाई बेवास्ता गर्ने तथा अनुगमनमा लापरबाही गर्नेहरूलाई जवाफदेही नबनाएसम्म यस्ता समस्या दोहोरिने जोखिम रहिरहन्छ। त्यसैले खुट्टीखोला सिँचाइ आयोजनाको सफलता किसानका खेतमा पुग्ने पानीले मात्र मापन हुन्छ । सार्वजनिक रकम खर्च गर्ने निकायले परिणामको जिम्मेवारी लिनुपर्छ। छानबिन, दोषीमाथि कानुनी कारबाही र आयोजना सञ्चालनका लागि ठोस पहल नै अहिलेको आवश्यकता हो। किसानले सिँचाइ सुविधा पाउने र राज्यको लगानीको प्रतिफल सुनिश्चित हुने अवस्था सिर्जना गर्नुपर्छ।

अपन दैनिक
❍ ग्राहक बन्नु परेमा ।
❍ नवीकरण गर्नु परेमा ।
❍ ठेगाना परिवर्तन भएमा ।
❍ पत्रिका नियमित नआएमा ।
सिधा सम्पर्क
०३३-५२१२१४
बिहान १० बजे देखि ५ बजेसम्म

# पहाड र मधेशमा दशैंका फरक रीत, एउटै सांस्कृतिक भावना



**पहाडी क्षेत्रमा टीका, जमरा र देवीपूजाले विशेष महत्व पाउने गरेको छ भने तराई-मधेशमा दुर्गापूजा, सामूहिक मेला, भजन-कीर्तन र रामलीलाले दशैंको सांस्कृतिक स्वरूप निर्धारण गर्दछन् ।**

**राम दयाल राकेश**
संस्कृतीविद्

पहाड र तराई-मधेशमा दशैं मनाउने तरिका फरक भए पनि यसको धार्मिक, पारिवारिक र सामाजिक महत्त्व समान रहेको संस्कृतिविद् रामदयाल राकेश बताउँछन् ।

उनका अनुसार पहाडी क्षेत्रमा टीका, जमरा र देवीपूजालाई विशेष महत्त्व दिइन्छ भने तराई-मधेशमा दुर्गापूजा, मेला, भजन-कीर्तन र रामलीला दशैंका मुख्य आकर्षण हुन् ।

दशैंले परिवार र समुदायका मानिसलाई एकै ठाउँमा ल्याउँछ । वर्षभरिका मनमुटाव, ईर्ष्या र द्वेष बिर्सेर भेटघाट गर्ने, पूजा गर्ने र खुसी साटासाट गर्ने अवसरका रूपमा पनि यो पर्व महत्त्वपूर्ण रहेको राकेशले बताए ।

'दशैंको भावना पहाड र तराई-मधेशमा एउटै हो, मनाउने तरिका र सांस्कृतिक विशेषता मात्रै फरक छन्,' उनले भने ।

तराई-मधेशमा घटस्थापनादेखि नै घरघरमा वा दुर्गाको प्रतिमा स्थापना गरिएको स्थानमा जौको जमरा उमार्ने चलन छ । कतिपय ठाउँमा माटोको दुर्गा मूर्ति बनाएर सामूहिक पूजा गरिन्छ। यस्ता स्थानमा मेला लाग्ने र स्थानीय बासिन्दा धार्मिक गतिविधिमा सहभागी हुने गर्छन् ।

पहाडी क्षेत्रमा फूलपाती भित्र्याउने परम्पराले विशेष महत्त्व पाउँछ । तराई-मधेशमा भने घटस्थापनादेखि नै जमरा उमार्ने र दुर्गाको प्रतिमा स्थापना गरेर सामूहिक पूजा गर्ने चलन बढी प्रचलित रहेको राकेशले बताए ।

दुर्गाको प्रतिमा स्थापना गरिएका स्थानमा दिनभरि मेला लाग्ने र राति भजन-कीर्तन तथा धार्मिक कार्यक्रम आयोजना गरिने उनले बताए ।

**टीका र आशीर्वाद दिने चलनमा भिन्नता**

विजयादशमीमा टीका लगाउने चलन पनि पहाड र तराई-मधेशमा केही फरक छ। पहाडी क्षेत्रमा रातो टीका, जमरा र ज्येष्ठ सदस्यबाट लिइने आशीर्वाद दशैंका प्रमुख विशेषता हुन्।

तराई-मधेशमा पनि ठूलाले सानालाई टीका लगाएर आशीर्वाद दिने चलन छ। यद्यपि, पहाडी क्षेत्रमा जस्तो व्यापक रूपमा टीका लगाउने प्रचलन नरहेको राकेशले बताए ।

पहिले तराई-मधेशका कतिपय ठाउँमा ब्राह्मणहरू घरघरमा गएर जमरा लगाइदिने र दक्षिणा लिने चलन थियो। अहिले परिवारका ज्येष्ठ सदस्यले नै टीका लगाएर आशीर्वाद दिने प्रचलन बढेको उनको भनाइ छ।

राकेशका अनुसार टीका विजय र आशीर्वादको प्रतीक हो । विजयादशमीले असत्यमाथि सत्य र पराजयमाथि विजयको सन्देश दिने धार्मिक विश्वास छ।

**रामलीला र कुस्तीको आकर्षण घट्दै**

तराई-मधेशमा दशैंका बेला रामलीला, कुस्ती प्रतियोगिता, मेला र पिङ परम्परागत मनोरञ्जनका प्रमुख माध्यम थिए ।

रामलीलामार्फत रामायणका पात्र, उनीहरूको चरित्र र धार्मिक शिक्षाबारे जानकारी दिइन्थ्यो। गाउँगाउँमा हुने कुस्ती प्रतियोगिता हेर्न मानिसहरू भेला हुन्थे । कतिपय ठाउँमा प्रसिद्ध पहलवान बोलाएर प्रतियोगिता आयोजना गर्ने चलनसमेत थियो ।

तर, अहिले रामलीला र कुस्तीका कार्यक्रम घट्दै गएका छन् । पिङ खेल्ने परम्परा पनि कमजोर हुँदै गएको राकेशले बताए ।

पहिले मनोरञ्जनका साधन सीमित हुँदा यस्ता गतिविधिले गाउँका मानिसलाई एकै ठाउँमा भेला गराउँथे। आधुनिक प्रविधि र बदलिँदो जीवनशैलीका कारण परम्परागत मनोरञ्जनप्रतिको आकर्षण घट्दै गएको उनको भनाइ छ।

**बलिप्रथामा आस्था र विरोध दुवै**

तराई-मधेशमा दशैंका बेला पशुबलि दिने परम्परा पनि छ । अष्टमी र नवमीमा खसी, बोका, हाँस तथा परेवाको बलि दिने र त्यसको मासु प्रसादका रूपमा ग्रहण गर्ने चलन रहेको राकेशले बताए ।

कतिपय समुदायमा मनोकामना पूरा भएपछि देवीलाई बलि चढाउने धार्मिक विश्वास छ। धार्मिक आस्था र परम्परासँग जोडिएकाले विरोध हुँदाहुँदै पनि यो प्रथा पूर्ण रूपमा हट्न नसकेको उनको भनाइ छ।

पशुबलिलाई धार्मिक आस्थाका साथै जीवहत्याको दृष्टिकोणबाट पनि हेर्नुपर्ने राकेश बताउँछन्। यस प्रथाको समर्थन र विरोधमा दुवै पक्ष रहेकाले विषय सामाजिक तथा सांस्कृतिक संवेदनशीलतासँग जोडिएको उनले बताए।

**दशैंले स्थानीय व्यापारलाई पनि चलायमान बनाउँछ**

दशैंको प्रभाव धार्मिक र सामाजिक क्षेत्रमा मात्रै सीमित छैन । पर्वका लागि खाद्यान्न, मसला, पूजासामग्री, लत्ताकपडा लगायतका वस्तु खरिद गर्न मानिसहरू बजार जाने भएकाले यस समयमा स्थानीय व्यापार पनि बढ्ने राकेशले बताए।

विशेषगरी तराई-मधेशका गाउँमा लाग्ने साप्ताहिक हाटबजारले किसान र व्यापारीलाई आफ्ना उत्पादन बिक्री गर्ने तथा उपभोक्तालाई आवश्यक सामग्री खरिद गर्ने अवसर दिन्छन् । यसले स्थानीय आर्थिक गतिविधिलाई समेत चलायमान बनाउँछ।

राकेशका अनुसार दशैं धार्मिक अनुष्ठान र खानपिनमा मात्र सीमित छैन । यसले पारिवारिक सम्बन्ध, सामुदायिक सहकार्य, सांस्कृतिक पहिचान र स्थानीय व्यापारलाई जोड्ने काम गर्छ।

समयसँगै दशैं मनाउने शैली परिवर्तन भए पनि सामाजिक एकता र आपसी सद्भावको भावना कायम राख्नुपर्ने उनको भनाइ छ।

## आफताव आलमका छोरा फिरदोस कांग्रेस सहमहामन्त्री ...........

फिरदोस आलमलाई बधाई तथा सफल कार्यकालको शुभकामना दिएको छ।

उनी २१ फागुनमा सम्पन्न प्रतिनिधिसभा निर्वाचनमा मधेश प्रदेशमा कांग्रेसका तर्फबाट निर्वाचित हुने एक्ला सांसद हुन् । फिरदोस रौतहट-२ बाट २९ हजार ५२८ मतसहित प्रतिनिधिसभा सदस्यमा निर्वाचित भएका थिए । उनका निकटतम् प्रतिस्पर्धी नेपाली कम्युनिस्ट पार्टीका उम्मेदवार किरणकुमार साहले १८ हजार ४४२ मत पाएका थिए।

फिरदोसका पिता मोहम्मद आफताब आलम रौतहटबाट पटक-पटक निर्वाचित भएका थिए। उनी २०६४ सालको संविधानसभा निर्वाचनको अघिल्लो दिन रौतहटको राजपुरमा भएको बम विस्फोट र त्यसपछि भएको भनिएको हत्याकाण्डका कारण चर्चामा आएका थिए।

उक्त प्रकरणमा रौतहट जिल्ला अदालतले अफतावलाई २०८१ वैशाखमा जन्मकैदको सजाय सुनाएको थियो। तर, २०८२ जेठमा उच्च अदालत जनकपुरको वीरगञ्ज इजलासले प्रमाण पर्याप्त नभएको ठहर गर्दै उनलाई सफाइ दिएको थियो।

सफाइ पाएपछि जेलमुक्त भएका आलमको २१ कात्तिक २०८२ सालमा उपचारका क्रममा ६३ वर्षको उमेरमा काठमाडौंमा निधन भएको थियो।

## कर्मचारी कटौतीको मार: मधेश प्रदेश ............

मुख्यमन्त्री कार्यालयले असोज २३ गते आयोगलाई पत्र पठाउँदै प्रमुख सचिवको संयोजकत्वमा साउन ११ गते बसेको सचिव बैठकको निर्णय उद्धृत गरेको छ । बजेट वक्तव्यको बुँदा नम्बर १०९ लाई आधार मान्दै पत्रमा 'कर्मचारी दरबन्दी कम्तीमा १५ प्रतिशत कटौती गर्नुपर्ने भएकाले ओएण्डएम सर्वेक्षण नसकिन्जेल नयाँ पदपूर्ति र बढुवा रोक्का गरिएको' उल्लेख छ।

मधेश प्रदेश सरकारअन्तर्गतका निकायहरूको ओएण्डएम कार्य सम्पन्न भई नसक्केकाले तत्काल कर्मचारी माग गर्न नसकिएको मुख्यमन्त्री कार्यालयले स्पष्ट पारेको छ।

मुख्यमन्त्री कार्यालयबाट यस्तो बेहोराको पत्र आएपछि आयोगले असोज २८ गते विज्ञापन नखोल्ने निर्णय गरेको हो। आयोगले बिहीबार एक सूचना जारी गर्दै कार्यतालिकामा निर्धारित अधिकृत तहको विज्ञापन हाललाई हुन नसकेको जानकारी सम्पूर्ण सरोकारवालालाई गराएको छ । प्रदेश सरकारको यो कदमले प्रदेश निजामती सेवामा प्रवेश गर्न तयारी गरिरहेका परीक्षार्थीहरू भने प्रभावित भएका छन् ।

**प्रदेश लोक सेवा आयोग**
**मधेश प्रदेश, जनकपुरधाम ।**

**प्रदेश निजामती सेवातर्फका अधिकृत सातौँ/आठौँ तह (अप्राविधिक/प्राविधिक) पदको विज्ञापन सम्बन्धमा ।**

**सूचना नं. १७१/२०८३-८४** **मिति : २०८३।०६।२९ गते बिहीबार**

यस आयोगको आ.व. २०८३/८४ को स्वीकृत वार्षिक कार्यतालिका अनुसार असोज महिनाको अन्तिम बिहीबार मिति २०८३/०६/२९ गते प्रदेश निजामती सेवाका अधिकृत सातौँ/आठौँ तह (अप्राविधिक/प्राविधिक) पदको विज्ञापन सूचना प्रकाशन गर्न तोकिएकोमा प्रदेश निजामती सेवा ऐन, २०७७ को दफा १० को उपदफा (३) बमोजिम मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट रिक्त पदपूर्तिका लागि वार्षिक कार्यतालिका बमोजिम निर्धारित समयमा यस आयोगमा माग पठाउनुपर्ने व्यवस्था भएकोमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, जनकपुरधामको च.नं. १२३० मिति २०८३/०६/२३ गते "श्रीमान् प्रमुख सचिवज्यूको संयोजकत्वमा मिति २०८३/०४/११ मा बसेको सचिव बैठकबाट भएको यसैसाथ संलग्न निर्णयको निर्णय नं. ४ ("बजेट वक्तव्यको बुँदा नं. १०९ मा उल्लेख भए अनुसार कर्मचारी दरबन्दी कम्तीमा १५ प्रतिशत कटौती गर्ने उल्लेख भएकोले सबै निकायले यथाशिघ्र सङ्गठन तथा व्यवस्थापन (O & M) सर्वेक्षण कार्य सुरु गर्ने । साथै, उक्त बुँदामा नै O & M नहुन्जेल नयाँ कर्मचारीको पदपूर्ति र बढुवा रोक्का गरिएको उल्लेख भएकाले कुनै पनि निकायले यस सम्बन्धी प्रक्रिया अगाडि नबढाउने । O & M गर्न पूर्व सहमति प्राप्त मन्त्रालयले प्रस्तावित सङ्गठन संरचना तथा दरबन्दी तेरिज तयार गर्दा आर्थिक वर्ष २०८३/८४ को बजेट वक्तव्य, नेपाल सरकारले जारी गरेको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण सम्बन्धी राष्ट्रिय मापदण्ड, २०८२ को पूर्ण पालना गर्ने । साथै, संस्थागत आवश्यकता, कार्यबोझ, औचित्य, सेवा प्रवाहको प्रभावकारिता, वित्तीय दायित्व तथा दिगो व्यवस्थापन समेतको विश्लेषण सहित प्रतिवेदन तयार गरी निर्णयका लागि पन्ध्र (१५) दिनभित्र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेश गर्ने व्यवस्था मिलाउने") अनुसार मधेश प्रदेश सरकार अन्तर्गतका निकायहरूको सङ्गठन तथा व्यवस्थापन (O & M) सम्बन्धी कार्य सम्पन्न भई नसकेकोले तहाँबाट माग भए बमोजिमको माग आकृति पठाउन नसकिएको" भन्ने व्यहोरा सहितको पत्र प्राप्त भएकोले प्रदेश निजामती सेवाका अधिकृत सातौँ/आठौँ तह (अप्राविधिक/प्राविधिक) पदको उल्लिखित विज्ञापन हुननसकेको व्यहोरा यस आयोगको मिति २०८३/०६/२८ गतेको निर्णयानुसार सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

## आजको राशिफल

**मेष :** समय सजग र सतर्क भई काम गर्नसके आजको दिन पनि लाभकारी बन्न सक्छ ।

**बृष :** समय मध्यम खालको छ। व्यापारमा प्रशस्त फाइदा हुने योग छ। आम्दानीका नयाँ स्रोत फेला पर्नेछन ।

**मिथुन :** व्यापारमा फाइदा हुनेछ। कीर्तिमानी काम गर्ने समय छ। भूमि, वाहन र पैत्रिक सम्पत्तिबाट लाभ मिल्ने योग छ ।

**कर्कट :** घरायसी सुखको अनुभूति हुनेछ। दाजुभाइ र दिदीबहिनीले दिएको सुझावलाई पालना गर्दा लाभ प्राप्त हुनसक्छ।

**सिंह :** सानातिना घरेलु काममै अल्मलिएर समय व्यतीत हुनसक्छ, सचेत रहनु होला ।

**कन्या :** व्यवसायको सिलसिलामा रमाइलो यात्रा हुन सक्छ । व्यापार-व्यवसायमा लाभ हुनेछ।

**तुला :** फाइदा उठाउन सकिन्छ। अनावश्यक वादविवादमा परिएला, विचारलाई तौलेर मात्र व्यक्त गर्नु बुद्धिमानी हुनेछ।

**वृश्चिक :** बौद्धिक प्रतिस्पर्धामा विजयी भइनेछ। प्रतिष्ठित काम सम्पादन गर्ने मौका छ।

**धनु :** पशुधन र जमिनबाट सामान्य लाभ हुनेछ। परिवारमा आमाको माध्यमबाट काम बन्न सक्छ।

**मकर :** काममा सहयोग लिन दिन सकिने दिन छ । उद्योग तथा बन्दव्यापारमा प्रशस्त फाइदा मिल्ने समय छ।

**कुम्भ :** आर्थिक क्रियाकलापले दूरगामी फाइदा हुनेछ। दिगो फाइदा हुने काम सुरु हुन सक्छ।

**मीन :** पारिवारिक भेटघाटको समय छ । विशेष व्यक्तित्वलाई भेट्ने मौका आउला ।



**राशिफल जे जस्तो भएपनि तपाईको दिन शुभ रहोस् ।**

**ज्योतिष डा. बिबेक पाण्डेय**
जन्मकुण्डली हस्तरेखा परामर्शको लागि सम्पर्क नं. ९७०२५२७८३२

# मूल्यवृद्धिको पारो अकासिँदै, बजार नियमनमा सरकार 'चुपचाप'

**अपन दैनिक संवाददाता**
**काठमाडौं, असोज २९ गते**

नेपालको अर्थतन्त्रमा खुद्रा बजारमा मूल्यवृद्धि अस्वाभाविक रूपमा आकाशिएको छ।

नेपाल राष्ट्र बैंकले बजनिक गरेको चालु आर्थिक वर्षको पहिलो दुई महिनाको समीक्षाअनुसार भदौमा खुद्रा बजारमा उपभोक्ता मूल्य सूचकांक (सीपीआई) मा आधारित वार्षिक बिन्दुगत मुद्रास्फीति ६.३४ प्रतिशतमा पुगेको छ।




थोक बजारको थोक मूल्य सूचकांक (डब्लूपीआई) भने वार्षिक बिन्दुगत आधारमा ८.०८ प्रतिशतले बढेको छ। विशेष गरी कच्चा पदार्थ तथा इन्धनको लागतमा भएको वृद्धिले आगामी दिनमा नेपालीहरूको भान्सा र दैनिक उपभोग्य वस्तुहरूको खुद्रा मूल्यमा अझ बढ्ने छ।

खुद्रा बजारमा देखिने मूल्यवृद्धिभन्दा थोक बजारको मुद्रास्फीति उच्च हुनुले लागतजन्य महँगी बढ्ने देखिन्छ।

भारतको केन्द्रीय तथ्याङ्क कार्यालयले सार्वजनिक गरेको सेप्टेम्बर २०२६ को तथ्याङ्कअनुसार भारतको खुद्रा मुद्रास्फीति ५.५४ प्रतिशत पुगेको छ भने खाद्य मुद्रास्फीति ७.७४ प्रतिशत छ। नेपालले कुल वैदेशिक व्यापारको ठूलो हिस्सा भारतसँगै निर्भर रहने र स्थिर विनिमय दरको नीति अवलम्बन गरेको अवस्थामा भारतमा बढेको यो महँगी अझ बढ्ने देखिन्छ।

नेपालको कुल आयातको ६५ प्रतिशतभन्दा बढी हिस्सा भारतबाट हुने भएकाले भारतमा खाद्यान्न, तरकारी, तेलहन र औद्योगिक कच्चा पदार्थमा देखिएको उच्च महँगीको प्रभाव नेपालको बजारमा स्वत: पर्ने गर्दछ।

नेपाली रुपैयाँ भारूसँग स्थिर विनिमय दरमा आबद्ध भएका कारण भारतमा हुने मूल्यवृद्धिको चाप नेपाली आयातकर्ताले खरिद गर्ने वस्तुको माध्यमबाट सिधै नेपाली खुद्रा तथा थोक बजारमा सर्ने गर्दछ, जसलाई आयातीत महँगी भनिन्छ।

थोक बजारमा कच्चा पदार्थ, इन्धन र उत्पादित वस्तुको लागत बढ्नु तथा भारतीय बजारमा खाद्यान्न र उपभोग्य वस्तुको मूल्य उचालिनु भनेको केही महिनाको अन्तरालमा नेपाली खुद्रा बजारमा तिनै वस्तुहरूको मूल्य सोही अनुपातमा बढ्ने संकेतक हो।

व्यापारीहरूले थोक बजारमा तिरेको बढी मूल्य उद्योग, ढुवानी र होलसेल हुँदै खुद्रा विक्रेताहरूसम्म पुग्दा आम उपभोक्ताको खल्तीमा प्रत्यक्ष र भारी भार पर्छ। विशेष गरी चाडपर्वको मुखमा र त्यसपछिका महिनाहरूमा थोक बजारमा बढेन महँगी उपभोक्ताले तिर्ने मूल्यसम्म विस्तारित हुनेछ।

समग्र खुद्रा मुद्रास्फीति वार्षिक बिन्दुगत आधारमा ६.३४ प्रतिशत कायम खाद्य तथा पेय पदार्थ समूहको मुद्रास्फीति वार्षिक बिन्दुगत आधारमा ७.५४ प्रतिशतले बढेको छ भने ग्रामीण क्षेत्रमा यो ७.५४ प्रतिशत र सहरी क्षेत्रमा पनि ७.५४ प्रतिशत नै रहेको छ।

खाद्य समूहभित्र घ्यू तथा तेलको मूल्यमा १६.६८ प्रतिशत, फलफूलमा १५.९९ प्रतिशत, चीनी तथा चीनीजन्य वस्तुमा १४.०१ प्रतिशत, तरकारीमा ७.०७ प्रतिशत र मासु तथा माछामा ७.३४ प्रतिशतको महँगीले नागरिकको ढाड सेकेको छ।

गैर-खाद्य तथा सेवा समूहको मुद्रास्फीति वार्षिक बिन्दुगत आधारमा ५.६९ प्रतिशत रहेको छ, जसमा विविध वस्तु तथा सेवाको मूल्यमा १४.६२ प्रतिशत र यातायात क्षेत्रमा १२.७७ प्रतिशतको उच्च वृद्धि रेकर्ड गरिएको छ।

प्रादेशिक आधार मधेश प्रदेश ७.४८ प्रतिशत वार्षिक मुद्रास्फीतिसहित देशमै सबैभन्दा उच्च महँगी दर रहेकोछ। मधेश प्रदेशको ग्रामीण क्षेत्रमा उपभोक्ता मुद्रास्फीति ९ प्रतिशत पुगेको छ भने सहरी क्षेत्रमा ७.०० प्रतिशत रहेको छ।

कोशी प्रदेश ७.०७ प्रतिशतको उच्च मूल्यवृद्धिको मारमा छ, जहाँ ग्रामीण क्षेत्रमा ६.६७ प्रतिशत र सहरी क्षेत्रमा ७.२६ प्रतिशत मुद्रास्फीति रहेको छ।

बागमती प्रदेशमा समग्र मुद्रास्फीति ५.७७ प्रतिशत देखिए पनि राजधानी काठमाडौं उपत्यकाको खाद्यान्न र सहरी जीवनयापन अत्यधिक महँगो बन्दै गएको छ। काठमाडौं उपत्यकाभित्र खाद्य मुद्रास्फीति बढेर ७.८४ प्रतिशत पुगेको छ।

# खगेन्द्र सुनारले रास्वपा अनुशासन आयोगमा लिखित जवाफ बुझाए

**अपन दैनिक संवाददाता**
**काठमाडौं, असोज २९ गते**



रास्वपा सांसद खगेन्द्र सुनारले पार्टीको अनुशासन आयोगलाई लिखित जवाफ बुझाएका छन्। एक महिलासँग भएको फोन संवादका क्रममा उनले बोलेका भनिएका विषयमा सुनारले लिखित जवाफ पेस गरेको अनुशासन आयोगको उपप्रमुख एवं अधिवक्ता हरिचन्द्र भट्टराईले जानकारी दिए।

सुनारले आयोगलाई दिएको प्रतिक्रियामा उल्लेखित विषयहरूबारे भट्टराई बोल्न चाहेनन्। सुनारको प्रतिक्रिया आउनु अनुसन्धानको पहिलो चरण भएको आयोगले जनाएको छ।

रास्वपाको अनुशासन आयोगले यही विषयमा छानबिन गर्न छुट्टै समिति पनि गठन गरेको छ। उक्त समितिलाई रायसहित प्रतिवेदन बनाउने अख्तियारी पाएको छ। समितिको कार्यावधि भने तोकिएको छैन। आयोगका उपप्रमुख भट्टराईको नेतृत्वमा छ सदस्यीय छानबिन समिति गठन गरिएको छ।

'अनुसन्धानको पहिलो चरण प्रतिक्रिया लिने हो। त्यसबाट आयोग सन्तुष्ट हुनसकिएन भने र अरु थप प्रमाण महशुस गऱ्यो भने अर्को

बाँकी पृष्ठ ४ ▸▸

## मिथिलाको सांस्कृतिक पहिचान झिझिया ...............

बालिकाहरूले परम्परागत झिझिया नृत्य प्रस्तुत गरेका छन्। टाउकोमा सजाइएको घैंटो राखेर प्रस्तुत गरिएको नृत्यले महोत्सवमा सहभागी दर्शकको ध्यान आकर्षित गरेको छ। सबै भन्दा लोकप्रिय कथामध्येको एक हो राजा बलरुचिसंग जोडिएको प्रसङ्ग। धनुषाका प्रसिद्ध आचार्य पण्डित विवेक पाण्डेयका अनुसार बालबालिकालाई कथित दुष्ट शक्तिबाट जोगाउन विशेष अनुष्ठान गर्ने परम्परासँग झिझियाको सम्बन्ध रहेको छ। घैंटोका प्वाल गन्न खोज्ने दुष्ट शक्तिले नर्तकीलाई हानि पुऱ्याउन सक्ने जनविश्वाससमेत यससँग जोडिएको छ।

झिझियाका गीतमा देवीको महिमा, परिवारको कल्याण, बालबालिकाको सुरक्षा र गाउँको सुख-समृद्धिको कामना व्यक्त गरिन्छ। मैथिली भाषामा गाइने यी गीतले स्थानीय भाषिक मौलिकता र मौखिक साहित्यको संरक्षणमा योगदान पुऱ्याएका छन्।

पछिल्लो समय झिझिया नाच गाउँका घर आँगनमा मात्र सीमित नरही विद्यालय, सांस्कृतिक महोत्सव, सार्वजनिक कार्यक्रम र विभिन्न मञ्चमा समेत प्रस्तुत हुन थालेको छ। यसले मिथिलाको लोकसंस्कृतिलाई व्यापक दर्शकमाझ पुऱ्याउन सहयोग गरे पनि मौलिक गीत, परम्परागत लय र नृत्य शैली संरक्षण गर्ने चुनौती कायम छ।

झिझिया नाचको संरक्षणका लागि स्थानीय तह, सांस्कृतिक संस्था, विद्यालय र समुदायबिच सहकार्य आवश्यक रहेको बताउँछन् धनुषाका संस्कृति अध्एता हिमांसु चौधरी। पुराना लोकगीत तथा लोककथाको अभिलेखीकरण, नयाँ पुस्तालाई प्रशिक्षण, कलाकारलाई सम्मान र सांस्कृतिक कार्यक्रममा नियमित प्रस्तुति दिने व्यवस्था गर्न सके यस परम्परालाई दीर्घकालीन रूपमा जोगाउन सकिने चौधरीको भनाई छ।

मिथिलाको पहिचान बोकेको झिझिया नाचलाई दशैंमा प्रस्तुत गरिने मनोरञ्जनात्मक कार्यक्रमका रूपमा मात्र नभई धार्मिक आस्था, महिला सहभागिता, मैथिली भाषा र ऐतिहासिक लोक स्मृतिसँग जोडिएको सांस्कृतिक सम्पदाका रूपमा संरक्षण गर्नुपर्ने आवश्यकता छ। आधुनिक समयअनुसार यसको प्रचार-प्रसार गर्दै मौलिकता कायम राख्न सके झिझिया आगामी पुस्ताका लागि समेत मिथिलाको गौरवपूर्ण पहिचानका रूपमा जीवित रहनेछ।









## खगेन्द्र सुनारले रास्वपा अनुशासन आयोगमा लिखित ............

चरणको अनुसन्धान सुरु हुन्छ,' भट्टराईले भने।

विहीबार बसेको छानबिन समितिको पहिलो बैठकले सुनारको संवाद भनि आएका अडियोहरू संकलन गरिसकेको उनले बताए।

'अडियो भिडियोहरू हामीले संकलन गर्‍यौं। अडियो प्रकाशित गर्नेहरूसँग यो विषयसँग जोडिएका कुराहरू पठाएर अनुसन्धानमा सहयोग गर्न लेखी पठाउने निर्णय गरेका छौं,' भट्टराईले भने।

उक्त अडियो सबैभन्दा पहिले जनआस्था साप्ताहिकको अनलाइन संस्करणमा प्रकाशित भएको थियो। पीडित भनिएकी महिलाको भनी न्युज २४ टीभीमा प्रसारित सामग्रीसहित थप विषयहरू भए उपलब्ध गराउन आग्रह गरिने समितिले जनाएको छ। सम्पादन हुनुअघिको अडियो उपलब्ध गराउनका लागि छानबिन समितिले सम्बन्धित सञ्चार माध्यमलाई पत्राचार गर्ने भएको हो।

प्राविधिक विषयहरूमा छानबिन समितिले विशेषज्ञको राय लिने भएको छ। कानुनको अधिनमा रहेर विशेषज्ञको राय लिने भट्टराईले जानकारी गराए।

सुनारमाथि लागेको आरोपमा छिटो, छरितो, यथार्थपरक र विश्वसनीय छानबिन गर्ने समितिले दाबी गरेको छ।

'अनुसन्धान निकै गहिरोसँग हुँदैछ। विश्वासनीयता कायम गर्ने गरी हामीले काम गरिरहेका छौं,' उपप्रमुख भट्टराई भन्छन्।

राज्यको अनुसन्धानलाई व्यवधान नगर्नेगरी समितिले आफ्नो कार्य गरिरहेको उनले बताए। छानबिनको रिपोर्ट दशैंअघि आउन भने मुस्किल रहेको समितिले जनाएको छ।

'अनुसन्धानको क्रममा प्रमाणहरु कसरी अगाडि बढ्छन्? अनुसन्धानले के माग गर्दछ अहिले भन्न सक्दैंनौ,' भट्टराईले भने, 'ओरिजनल अडियो पठाउन पत्राचार गरेका छौं। छिट्टै प्राप्त भयो भने हामी बैठक बसिहाल्छौं। दशैंको समय पनि छ। सांस्कृतिक चाँडहरू मान्न पाउँदैनौं भनेर छानबिन समितिका साथीहरुलाई भन्न सकिने कुरा होइन।'

## सप्तरी बदगामाको पासवान टोलमा भएको आगलागी ...........

खाद्यान्न, लत्ताकपडा खरानी भयो।

बदगामामा भएको आगलागीले राजकुमारसहित ९ परिवारको बिचल्ली भएको छ। राजकुमारसँगै गजेन्द्र पासवानले पनि घरमा राखेको २५ हजार रुपैयाँ जलेर नष्ट भएको बताए।

आगलागीमा ९ परिवारका १३ घर जलेर नष्ट भएका छन्। घरभित्र राखिएका खाद्यान्न, लत्ताकपडा, नगद र दैनिक उपभोग्य सामग्रीसमेत जलेपछि पीडित परिवारको बिचल्ली भएको छ।

'आगलागीले मजदुरी गरेर जुटाएका सामान र दैनिक जीवन धान्ने आधारसमेत खोसिदियो,' अग्निपीडित राजकुमार पासवानले भने, 'क्षणभरमै घरबारविहीन बन्नु परेको छ, अहिले बस्ने ठाउँको चिन्ता छ, भण्डारण गरेर राखेको खाद्यान्न जलेपछि बिहान-बेलुकाको छाक टार्ने समस्या पनि थपिएको छ।'

स्थानीयका अनुसार आगलागीमा पाचु पासवानका ३ र मञ्जु पासवानका ३ घर जलेका छन्। त्यस्तै, दिनेश पासवान (भगलु), राजकुमार पासवान (गरमदल), गजेन्द्र पासवान, पवन पासवान, खिखरी पासवान, लल्लु पासवान र महेन्द्र पासवानका १-१ घर जलेर नष्ट भएका छन्।

स्थानीय, सुरक्षाकर्मी र राजविराज, हनुमाननगर कंकालिनी, रुपनी र कञ्चनरुप पालिकाको दमकलको सहयोगमा आगोलागी नियन्त्रणमा लिइएको थियो।

आगलागीबाट भएको कुल क्षतिको विस्तृत विवरण आउन बाँकी छ। सप्तरीका प्रहरी उपरिक्षक रुपक खड्काले क्षतिको विवरण संकलन भइरहेको बताए।

**लेखरचना, समाचार वा विज्ञापन पठाउदाँ वेलुका ६ बजे भित्र पठाउनुहोला वा मेल गरिसकेपछि जानकारी गराउनुहोला अन्यथा ६ बजेपछि पठाइएका लेखरचना, समाचार वा विज्ञापन सोहि दिनको पत्रिकामा समावेश गर्नको लागि असमर्थ रहनेछौ।**

अपन दैनिक

*सिरहा नगरपालिका ७, पंचमुखी हनुमानजी चौक,
मधेश प्रदेश सिरहा नेपाल*




# कमला नदीको पुलबाट मङ्सिर अन्तिम सातादेखि यातायात सञ्चालन हुने

**अपन दैनिक संवाददाता**
**सिरहा, असोज २९ गते**



हुलाकी राजमार्गअन्तर्गत पर्ने कमला नदीको पुलबाट यातायात सञ्चालन गर्ने तयारी अन्तिम चरणमा पुगेको छ। हुलाकी राजमार्ग निर्देशनालय योजना कार्यालय जनकपुरधामका प्रमुख एवं सिनियर डिभिजनल इन्जिनियर कृष्णकुमार महतोका अनुसार आउँदो मङ्सिर अन्तिम सातादेखि पुल सञ्चालनमा ल्याउने योजना छ।

सिरहा र धनुषा जिल्ला जोड्ने उक्त पुल निर्माणका लागि २०६८ सालमा पप्पु जेभी लुम्बिनी काठमाडौंसँग सम्झौता भएको थियो। २०७८ सालमा निर्माण सम्पन्न भई सञ्चालनको तयारी भइरहेका बेला असार १७ गते आएको बाढीले पुलका दुई वटा पिल्लर भासिएपछि यातायात अवरुद्ध भएको थियो। निर्माण कम्पनीको बिमा कम्पनीसँगको विवादका कारण पिल्लर मर्मत कार्य लामो समय रोकिएको थियो।

अहिले भासिएका पिल्लरको सबलीकरण र नयाँ पिल्लर निर्माणको काम तीव्र गतिमा भइरहेको छ। महतोले भने, "निर्माण कम्पनीको सक्रियता, निर्देशनालयको निरन्तर प्रयास र जनप्रतिनिधिको पहलले काम अन्तिम चरणमा पुगेको छ।" निर्माण कम्पनीका प्रतिनिधि सूर्यप्रकाश शर्माका अनुसार भदौ महिनामा आएको बाढीले केही ढिलाइ भए पनि हाल काम अन्तिम चरणमा छ।

पुल सञ्चालनमा आउने खबरले सिरहा र धनुषाका स्थानीय हर्षित भएका छन्। कमला नगरपालिकाका नगरप्रमुख विशेश्वर यादवका अनुसार यो पुल सञ्चालनमा आएपछि मधेश प्रदेशको राजधानी जनकपुरधाम र राजविराजबीचको आवतजावत सहज हुनेछ।

## चाडपर्वमा जनकपुरधामको सुरक्षाव्यवस्था ............

छन्। उनी दिउँसोदेखि रातिसम्म प्रहरी टोलीसँगै खटिएर मादक पदार्थ तथा लागुऔषध सेवन गरी सवारी चलाउने, हेल्मेट नलगाउने र स्वरूप परिवर्तन गरी चर्को आवाज निकाल्ने मोटरसाइकलमाथि निगरानी गरिरहेका छन्।

एसपी खड्काका अनुसार चाडपर्वलक्षित विशेष सुरक्षा योजना लागू गरेको दुई दिनमै चर्को आवाज निकाल्ने गरी स्वरूप परिवर्तन गरिएका एक सयभन्दा बढी मोटरसाइकल नियन्त्रणमा लिइएको छ। साँझदेखि राति अबेरसम्म विभिन्न चोकमा प्रहरीको उपस्थिति बढाएर सवारी जाँच र शंकास्पद गतिविधिमाथि निगरानी गरिएको उनले बताए।

'चाडपर्वमा कुनै पनि अवाञ्छित गतिविधि हुन नदिन हामी सक्रिय भएका छौं। पैदल, साइकल र मोटरसाइकल गस्ती बढाउनुका साथै विभिन्न स्थानमा थप सुरक्षाकर्मी परिचालन गरेका छौं,' उनले भने। प्रहरीको सक्रियताले मादक पदार्थ वा लागुऔषध सेवन गरेर सवारी चलाउनु हुँदैन भन्ने चेतना बढ्न थालेको उनको भनाइ छ। सवारी जाँचका क्रममा नियम उल्लङ्घन गर्नेलाई कारबाही गर्नुका साथै सम्भावित दुर्घटनाबारे सम्झाउने र सचेत गराउने कामसमेत भइरहेको छ।

बुधबार दिउँसो जिल्ला प्रशासन कार्यालय धनुषाअगाडि एसपी खड्का आफैं सवारीसाधन रोक्दै जाँचमा खटिएका थिए। उनले हेल्मेट नलगाई स्कुटर चलाइरहेकी एक महिलालाई रोकेर हेल्मेट प्रयोग नगर्दा दुर्घटनामा टाउकोमा गम्भीर चोट लाग्न सक्ने जोखिमबारे सम्झाए। उनले सवारी चलाउँदा आफ्नो सुरक्षालाई पहिलो प्राथमिकता दिन आग्रह गरे।

सडक सुरक्षा जाँचसँगै सामाजिक सञ्जालमार्फत हुने अपराध नियन्त्रणलाई पनि प्रहरीले प्राथमिकतामा राखेको छ। एसपी खड्काले भने, 'सामाजिक सञ्जालबाट हुने अपराधमा संलग्न भएको आशंकामा १८ जनाको विवरण तयार पारिएको छ। तीमध्ये चार जनालाई नियन्त्रणमा लिएर मुद्दा चलाइएको र अन्यको खोजी भइरहेको छ।'

उनीहरूको खोजी कार्य तीव्र पारिएको उनको भनाइ छ। प्रहरीले निगरानी बढाएकै कारण केही दिनअघि पुरानो घरायसी रिसइबीका कारण चक्कु प्रहार गरी हत्या गरेका एक आरोपितलाई घटनाको केही समयमै पक्राउ गर्न सफल भएको उनले सुनाए।

दसैं, तिहार र छठ पर्वको सुरक्षाका लागि धनुषा प्रहरीले कुल एक हजार २११ जना सुरक्षाकर्मी विभिन्न टोलीमा विभाजन गरी परिचालन गरेको छ। प्रहरीका अनुसार पिकेट गस्तीमा ७०, पैदल गस्तीमा ४६, बजार अनुगमनमा सात, स्वीप अपरेसनमा सात, विपद् प्रतिकार्यमा १५ र सवारीसाधनमार्फत मोबाइल गस्तीमा १३ टोली परिचालन गरिएको छ। यस्तै, लामो दूरीका सवारीसाधन जाँच गर्न दुई स्थानमा व्यवस्था मिलाइएको छ। लालगढमा लामो दूरीका चालकलाई लक्षित गरी एउटा विश्राम केन्द्रसमेत सञ्चालनमा ल्याइएको प्रहरीले जनाएको छ। राजमार्गमा दैनिक सवारी सुरक्षा जाँचको व्यवस्था पनि गरिएको छ।

सीमावर्ती क्षेत्र, बैंक तथा वित्तीय संस्था, सुनचाँदी पसल र मोटरसाइकल चोरीका घटना हुन सक्ने स्थानमा विशेष निगरानी बढाइएको एसपी खड्काले बताए। चाडपर्वका बेला लागुऔषधको ओसारपसार र सेवन बढ्न सक्ने भएकाले त्यसलाई नियन्त्रण गर्न पनि प्रहरी सक्रिय रहेको उनले जानकारी दिए।

प्रहरीले चाडपर्वका बेला नागरिकलाई सवारी नियम पालना गर्न, हेल्मेट प्रयोग गर्न, मादक पदार्थ सेवन गरेर सवारी नचलाउन र कुनै शंकास्पद गतिविधि देखिएमा प्रहरीलाई जानकारी गराउन आग्रह गरेको छ।




